# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका - २०७४

प्रस्तावना : एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्सलाई जनताको पहुँचसम्म पुऱ्याई सेवाको गुणस्तर बृद्धि गर्नुपर्ने भएकोले ।

संक्षिप्त नाम र प्रारम्भ :-

- यस निर्देशिकाको नाम एम्बुलेन्स सञ्चालन निर्देशिका २०७४ रहनेछ ।
- यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

- **एम्बुलेन्स भन्नाले** विरामी ओसार पसार ल्याउने/पुऱ्याउने वाहनलाई सम्झनु पर्दछ ।
- **एम्बुलेन्स जनशक्ति भन्नाले** एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी तथा चालकलाई सम्झनुपर्दछ ।
- **चालक भन्नाले** एम्बुलेन्स चलाउने चालक सम्झनुपर्दछ ।
- संस्था भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनुपर्दछ ।
- **समिति भन्नाले** एम्बुलेन्स सेवा सञ्चालन गर्न गठन भएको समितिलाई सम्झनुपर्दछ ।
- **शुल्क भन्नाले** समितिले तोकेको अनुमति, नवीकरण तथा सेवा शुल्कलाई सम्झनु पर्दछ ।
- **सेवा भन्नाले** एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्दछ ।

**संस्थाको कर्तब्य :**

- प्रचलित कानूनमा उल्लेख भए बमोजिम शर्तहरुको पालना गरी समितिको समन्वयमा एम्बुलेन्स सेवा सञ्चालन गर्नुपर्ने ।
- समितिले तोके अनुसारको भाडा लिई सोको विल सेवाग्राहीलाई उपलब्ध गराउने ।
- विरामीलाई विरामी रहेको ठाउँ वा घटनास्थलबाट अस्पताल वा उपचार स्थलसम्म वा चिकित्सक वा स्वास्थ्य संस्थाले सिफारिस गरे बमोजिम विरामीको बासस्थान सम्म पुऱ्याउनको लागि मात्र एम्बुलेन्सको प्रयोग गर्नुपर्दछ ।

- असहाय, गरीब, बेवारिसे तथा सडक दुर्घटनामा परेका व्यक्तिलाई एम्बुलेन्स सेवा निशुल्क प्रदान गर्नुपर्नेछ ।
- कुनैपनि वहानामा एम्बुलेन्स सेवाबाट कसैलाई पनि बञ्चित गर्न पाईनेछैन ।
- एम्बुलेन्सलाई २४ सै घण्टा सेवा प्रदान गर्ने हालतमा राख्नुपर्नेछ ।
- एम्बुलेन्स सेवा प्रदान गरे वापत प्राप्त आम्दानीको छुट्टै अभिलेख राख्नुपर्नेछ । र प्रत्येक वर्ष लेखापरिक्षण गराउनुपर्नेछ । सोको जानकारी नगरपालिकामा गराउनुपर्नेछ ।
- एम्बुलेन्स सञ्चालनबाट प्राप्त आम्दानी र त्यसका लागि भएको खर्च प्रत्येक ३/३ महिनामा एम्बुलेन्स सेवा सञ्चालन समितिलाई जानकारी गराउनुपर्नेछ ।
- नगरपालिकाबाट प्राप्त निर्देशनलाई समितिले अक्षरस पालना गर्नुपर्नेछ ।

**एम्बुलेन्सको मापदण्ड तथा वर्गीकरण :**

- राष्ट्रिय प्रदुषण मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।
- एम्बुलेन्सको पहिचान हुनेगरी साईरन बत्ती जडान, फोर ह्वील ड्राईभ भएको हुनुपर्नेछ ।
- एम्बुलेन्समा एम्बुलेन्स शब्द र संस्था र चालकको टेलिफोन नं. अंग्रेजी र नेपाली दुबै भाषामा लेखिएको हुनुपर्नेछ ।
- एम्बुलेन्सको वर्गिकरण खुल्ने गरी बर्ग उल्लेख भएको हुनुपर्नेछ ।
- एम्बुलेन्सको १००० सि.सि. भन्दा बढी भएको हुनुपर्नेछ ।
- एम्बुलेन्सको चालकको सिट पछाडी कुनैपनि सिट नराखेको हुनुपर्नेछ ।
- तोकिएको भाडा दर प्रमाणित गराई एम्बुलेन्स भित्र कुनै भागमा टाँस गर्नुपर्नेछ ।

**एम्बुलेन्स सेवा सञ्चालन समिति**

एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्न देहायको पदाधिकारी रहेको एम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | अध्यक्ष | नगरपालिका प्रमुख |
| २. | सदस्य | सम्बन्धित वडाको महिला सदस्य |
| ३. | सदस्य | दलित, अल्पसंख्यक |
| ४. | सदस्य | आदिवासी/जनजाती |
| ५. | सदस्य | अध्यक्षबाट मनोनित १ जना |
| ६. | सदस्य | नगरपालिकाको वडा अध्यक्षहरु मध्येबाट १ जना |

७. सदस्य स्वास्थ्य शाखा/इकाईबाट १ जना

८. सदस्य सम्बन्धित वडाको वडा अध्यक्ष

९. सदस्य सचिव नगरपालिका आर्थिक प्रशासन शाखा प्रमुख

**एम्बुलेन्स सेवा शुल्क :**

एम्बुलेन्स सेवा सञ्चालन गर्नको लागि समितिले तोकेको भाडा दरलाई एम्बुलेन्स सेवा शुल्क बुझ्नु पर्दछ। उक्त दुरी बर्गिकरण गरी देहाय बमोजिमको भाडा दर निर्धारण गरिएको छ।

- लोकल शुल्क रु. ४००।-
- रामपुर-गुरुङचौधरी रु. ५००।-
- रामपुर-लालबजार रु. ६००।-
- रामपुर-घुम्ने रु. ७००।-
- रामपुर-सुपाडे रु. ८००।-
- रामपुर-बसाहा रु. १२००।-
- रामपुर-आम्बासी रु. १६००।-
- रामपुर-पुरन्दह रु. १६००।-
- रामपुर-भागलपुर रु. २०००।-
- रामपुर-फत्तेपुर रु. २०००।-
- रामपुर-कञ्चनपुर रु. २५००।-
- रामपुर-लाहान रु. ४०००।-
- रामपुर-सेतीखोला रु. ५००।-
- रामपुर-सोमबारे रु. ७५०।-
- रामपुर-चतरापुल रु. ९००।-
- रामपुर-धरान रु. ३०००।-
- रामपुर-ईटहरी रु. ३५००।-
- रामपुर-विराटनगर रु. ४०००।-
- रामपुर-खरैया भारत रु. ६५००।-
- रामपुर-बेल्टार रु. २०००।-
- रामपुर-गाईघाट रु. ४०००।-
- रामपुर-रातपत्रे/रातापानी/दुर्गा मन्दिर रु. ५००।-
- रामपुर-भरतपुर चितवन रु. ९५००।-
- रामपुर-काठमाण्डौ रु. ११५००।-

उक्त स्थान हाईवे वाहेकका शाखा बाटो मार्फत टोल बस्तीमा जाँदा बाटोको दुरी हेरी समितिले भाडाँ निर्धारण गर्नेछ।

**एम्बुलेन्स चालक नियुक्ती सम्बन्धमा :**

- रितपूर्वक सवारी चालक अनुमति-पत्र लिएको ।
- सवारी चालकको रुपमा न्यूनतम ५ (पाँच) वर्षको अनुभव भएको ।
- कम्तिमा २४ वर्ष उमेर पूरा गरेको ।
- आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिम प्राथमिक उपचारको तालिम प्राप्त गरेको ।

**एम्बुलेन्स चालकको मासिक तलब भत्ता निर्धारण सम्बन्धमा :**

एम्बुलेन्स चालकको मासिक तलब भत्ता समितिले तोके बमोजिम हुनेछ ।

**एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता :**

- एम्बुलेन्स सञ्चालन निर्देशिका २०७४ लाई पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।
- आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयतालाई कायम गर्दै आफ्नो पेशाको मान मर्यादा खलल पुग्ने कुनै काम गर्न पाईनेछैन ।
- मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।
- विरामी ओसार पसार गर्ने क्रममा विरामीको बारेमा पर्याप्त जानकारी लिई उपचार सहयोग गर्नुपर्नेछ ।
- विरामीलाई विच बाटोमा छोड्न नहुने ।
- दैनिक सेवा शुल्क वापत उठेको रकम समितिले तोकेको बैंक खातामा बढिमा १ हप्ता भित्र जम्मा गरी सोको बैंक भौचर समितिलाई पेश गर्नुपर्नेछ ।
- आफ्नो कामको सिलसिलामा भएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीबाट पाएको जानकारी कुनै तेश्रो पक्षलाई बताउन नहुने । तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको वारेमा जानकारी दिनुपर्नेछ ।
- प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।
- सेवाग्राहीबाट प्राप्त तोकिए बमोजिमको एम्बुलेन्स सेवा शुल्क वापतको रकम बुझिलिदा अनिवार्य रुपमा नगदी रसिद प्रदान गर्नुपर्नेछ । रसिद समाप्त भएपछि अर्धकट्टी अनुसारको सबै प्राप्त सेवा शुल्कको कूल जोड जम्मा गरेको नगद वा बैंक भौचरको हिसाब बुझाए पछि मात्रै अर्को ठेली नगदी रसिद दिईनेछ ।

नाम :

ठेगाना : ना.प्र.नं.: जिल्ला :

लाईसेन्स नं. .................................................. लाईसेन्स जारी मिति..................................

ले उल्लेखीत आचार संहिता अध्ययन तथा पालना गरेको छु । उदयपुर जिल्ला वेलका नगरपालिका स्वास्थ्य चौकी रामपुरको मातहतमा रहेको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्नेछु, भनि सहमति जनाई सहिछाप गरेको छु ।

| चालकको | रोहबरमा प्रमाणित गर्ने व्यक्ति |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नामथर : | नामथर : |
| ठेगाना : | पद : |
| मिति : | मिति : |
| | कार्यालयको छाप : |